अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं

मिति: २०७६।०३।१९ गते

# प्रेस विज्ञप्ति

## विषय: घुस रकम सहित नियन्त्रणमा।

-----------------------------------------------------

घरेलु तथा साना उद्योग विकास समिति, रोल्पाका खरिदार निता शर्माले कार्यालयले खरिद गरेको सामानको भुक्तानी प्रयोजनको लागि कमिसन बापत सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलबाट खटिई गएको टोलीले निज खरिदार निता शर्मालाई सेवाग्राहीसँग रू.७०,०००।—(अक्षरुपी सत्तरी हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा उक्त घुस रकम सहित बुटवल उपमहानगरपालिका वडा नं.२ मनकामना मन्दिर नजिकबाट रङ्गेहात नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(प्रदीपकुमार कोइराला)

प्रवक्ता